सहयोगी मनले बाढ्यो अर्जुनधारामा न्यानो कपडा

इजलास /शनिश्चरे

सहयोगी मनहरु नेपाल दमकले शुक्रवार अर्जुनधारा नगरपालिका - ८ स्थित तुतबारी टोलका अति विपन्न वर्गलाई जाडोमा ओढ्ने न्यानो कपडा एक कार्यक्रमबीच वितरण गरेको छ।

हर दुःखीको आवाज सहयोगी मनहरु नेपाल दमकको आयोजना तथा अर्जुनधारा नगरपालिका -८ वडा कार्यालयको समन्वयमा जाडोका लागि ओढ्ने न्यानो कपडा वितरण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि एवं अर्जुनधारा नगरपालिका -८ का वडा अध्यक्ष कुमारप्रसाद उप्रेतीले टोलका अति विपन्न वर्गहरु यसोदा मगर, लिला मण्डल , पोरेश मण्डल, अकालु मण्डल, राम प्रसाद राजवंशी, नन्द कुमार मुसर, फागुलाल चौधरी, रेनुका किस्कु, नम्रता हेमरम, सबिना मुर्मु, टेक बहादुर राई, राम

बहादुर भुजेल, खम्बु राना मगर, रिया ऋषि देव, पूर्ण देवी बाँस्कोटा, श्याम दनुवार र धनमाया लम्जेललाई कम्बल, डसना र म्याट १/१ थान गरी जनही जम्मा ३ थान वितरण गरेका हुन् । वितरण कार्यक्रममा सहयोगी मनहरु नेपालका अध्यक्ष भिमप्रसाद आचार्यले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए। संस्थाले स्थापना कालदेखि नै गरीब-दुःखीहरुको भुपडी, भुपडीमा गई यस किसिमका सेवाहरु पुऱ्याउँदै आइरहेको उनले बताए । संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत गरीब - दुःखीहरलाई न्यानो कपडाहरु वितरण गरिएको उनले प्रष्ट्याए।

अध्यक्ष आचार्यको सभापतित्व तथा सचिव विष्णु उप्रेतीको सञ्चालन रहेको कार्यक्रममा अर्जुनधारा नगरपालिका - ८ का वडा सदस्य ऋषि घिमिरे, सहयोगी मनहरु नेपालका उपाध्यक्ष सुमनराज रिमाल, सदस्यहरु सुजता गुरुङ मगर, दिपा अधिकारी ,दिपेश खनाल ,श्याम ढुंगेल लगायतको उपस्थिति रहेको थियो। सो कार्यक्रममा कम्बल, डसना र म्याट १७/१७ थान वितरण गरिएको बताइएको छ। वितरण गर्न बाँकी रहेको न्यानो कपडाहरु चाडै गरीबहरुको घरघरमा गएर वितरण गरिने वडा अध्यक्ष उप्रेतीले जानकारी दिए।

सोनाम ल्होसारः अर्जुनधारामा रचना रिमाल आउने

शनिश्चरे। झापाको अर्जुनधारामा सोनाम ल्होसार २८६० को अवसरमा धार्मिक पूजाआजा र खेलकुदसहित सांगीतिक कार्यक्रमको थालनी गरिएको छ। नेपाल तामाङ घेदुङ अर्जुनधारा नगर कमिटीको आयोजनामा यही माघ १९ र २० गते अर्जुनधारा १ मदनपुरस्थित ज्याङछुप छ्योइलिङ गुम्बा परिसरमा कार्यक्रम गरिँदैछ।

आयोजकले शुक्रवार पत्रकार सम्मेलन गरी गुम्बा निर्माणमा सहयोग जुटाउन सांगीतिक कार्यक्रम पनि आयोजना गरिएको घेदुङका नगर अध्यक्ष बृखबहादुर गोलेले बताए । उनका अनुसार निर्माणधीन गुम्बाका सांगीतिक कार्यक्रममार्फत सहयोग संकलन गरिने छ । अर्जुनधारामा ४ वटा गुम्बा रहेको र मदनपुरको अधुरो गुम्बालाई सहयोग जुटाउनु पर्ने भएकाले सबैको साथ सहयोगबाट कार्यक्रम सफल पार्न उनले आग्रह गरे। सांगीतिक कार्यक्रममा अहिलेकी चर्चित गायिका रचना रिमाल, गायक आशमान लोप्चनलगायत स्थानीय कलाकारको प्रस्तुति रहने बताइएको छ। कलाकारको प्रस्तुति स्थानीयले निःशूल्क रुपमा हेर्न पाउने छन्। बौद्धमार्गीहिरुलाई जन्मदेखि मृत्यु संस्कारसम्म आवश्यक लामा गुरु सहजरुपमा उपलब्ध गराउने उद्देश्यले २०७५ सालदेखि गुम्बाको निर्माण कार्य शुरु गरिएको गुम्बा व्यवस्थापन समितिका अध्यक्ष सन्तबहादुर गोलेले जानकारी दिए।

उक्त गुम्बा अहिले पनि निर्माणाधीन अवस्थामा रहेको हो । गुम्बा निर्माण गर्न स्थानीय जग्गादाताहरु सलबहादुर गोले तामाङ, सन्तबहादुर गोले तामाङ, सरस्वती सिटौला गोले तामाङ र खड्गबहादुर गोले तामाङको परिवारबाट चार कठ्ठा जमिन समितिलाई निःशुल्क प्राप्त भएको थियो।

अहिलेसम्म नगरपालिका, प्रदेश र स्थानीय दाताको सहयोगबाट १३ लाख ५० हजार रुपैयाँ निर्माणाधीन गुम्बामा खर्च भएको गुम्बा व्यवस्थापन समितिका अध्यक्ष गोलेको भनाइ छ। अझै पनि डुम (गजुर), घेराबारा, तीन वटा बुद्ध मूर्ति र प्रवेशद्वार बनाउन बाँकी रहेकाले ५० लाखभन्दा बढी खर्च लाग्ने बताइएको छ। हाल दुई तलाको भवन मात्र निर्माण भएको उक्त गुम्बा सञ्चालनमा आएपछि अर्जुनधारा १ सँगै छिमेकी वडामा बसोबास गर्ने दुई सय घरधुरीभन्दा बढी परिवार प्रत्यक्ष लाभान्वित हुने बताइएको छ। कार्यक्रम संयोजक चक्र तामाङका अनुसार सांगीतिक कार्यक्रमबाट १२ लाख रूपैयाँ संकलन गर्ने लक्ष्य लिइएको छ।

उक्त कार्यक्रम सम्पन्न गर्न ३ लाख ५० हजार खर्च लाग्ने अनुमान गरिएको छ। माघ १९ गते शुक्रबार स्थानीय मदनपुर खेल मैदानमा भेट्रान्स फुटबल प्रतियोगिता र गुम्बा क्षेत्रमा लामा गुरुहरुबाट विशेष पूजा अर्चनासहित साँझ धार्मिक प्रवचन हुने बताइएको छ । घेदुङ १ नम्बर वडाका अध्यक्ष वीरबहादुर योञ्जन, मदनपुर युवा समूहका अध्यक्ष देवेन्द्र सेन्दाङलगायतको उपस्थिति रहेको पत्रकार भेटघाट कार्यक्रमको सञ्चालन घेदुङ नगर सहसचिव धनबहादुर तामाङले गरेका थिए।

झापा...

माागिएको थियो । केन्द्रीय आयोग, विभाग, सल्लाहकार एवम् प्रदेश तथा जिल्ला कमिटीका सदस्यहरुले खुल्ला सत्रमा पार्टी कामको समीक्षात्मक धारणा राखेका थिए।

बैठकमा प्रमुख अतिथि खरेलले आफ्नो कार्यशैलीको आत्मआलोचना गर्न सकियो भने मात्र पार्टीको परिभाषित भूमिका निर्वाह गर्न सकिने अथ्र्याउँदै यो बैठक सार्थक बनेको बताए।

अरु राजनीतिक दलहरुभन्दा हाम्रा अभियानहरु जनतासँग प्रत्यक्ष जोडिएका छन् । तर हाम्रा कामहरु चाहिँ जनपक्षीय छन् कि छैनन् तिनको निर्मम समीक्षा गर्न ढिलाई गर्न नहुने नेता खरेलको सुझाव थियो । मानिसलाई गोलबन्द गर्नका लागि कुनै इश्यु महत्वपूर्ण हुनेमा हामी त्यसो गरिरहेका छौं या छैनौं ? पार्टीले जिताएर पठाएका जनप्रतिनिधिहरुले गर्ने काम पनि पार्टीको चिनारी हो भन्ने कुरालाई हामीले बिर्सियौं कि ! जस्ता कुरामा नेता खरेलले जोड दिएका थिए । समाजलाई माथि उठाउने हो भने हाम्रो समुदायका अल्पसंख्यक जाति र समुदायको उन्नतिका लागि काम गर्नुपर्छ सम्मानजनक बाँच्ने आधार सिर्जना गरिदिनु पर्छ भन्ने कुराले समाजवादको यात्रा तय गर्ने उनको भनाई थियो।

बैठकमा सहभागी पार्टीनेतृत्वहरुको सुझाव ग्रहणपछि अध्यक्षीय मन्तब्य राख्दै कार्यवाहक अध्यक्ष गिरीले चालू जिल्ला कमिटीको बाँकी अवधिबाटै यसको कार्यान्वयनका लागि काम सुरु गर्ने बताए। आगामी सचिवालय बैठक एवम् जिल्ला कमिटीको बैठकमा यी सुझावहरु व्यवहारिक रुपमा कार्यान्वयन गर्न सुरु गरिने उनले विश्वास दिलाए।

अघिल्लो नेतृत्वले दिएको विरासतलाई उचाईमा लैजानु आफूहरुको कर्तब्य हुनेछ तर कमजोर बनाउने छुटहामीलाई छैन भन्दै उनले वैचारिक कामको लागि सकेसम्म कार्यान्वयनमा लगिने उनको भनाई थियो। आगामी जेठभित्रमा जिल्ला, नगर र वडा अधिवेशनहरु सम्पन्न गर्ने अभिभारा पूरा गर्न आफूहरु सक्रियता पूर्वक जुट्ने बताउँदै कार्यवाहक अध्यक्ष गिरीले प्राप्त सुझावहरुलाई सम्पत्तिको रुपमा ग्रहण गर्दै नेतृत्वले दिएको निर्देशनलाई हामी कार्यान्वयन गर्नेछौं भनी आश्वास्त पारेका थिए।

अर्जुनधाराका मेयर गोम्देन कोरियाको कृषि तथा पशुपालन क्षेत्रको अवलोकनमा

बिर्तामोड । दक्षिण कोरिया भ्रमणमा रहेका झापा अर्जुनधाराका मेयर बलदेवसिंह गोम्देनले टमाटर उत्पादन क्षेत्रको अवलोकन गरेका छन्। अर्जुनधाराका प्रेस संयोजक नन्दलाल खतिवडाले टमाटर उत्पादनको क्षेत्रमा अवलोकन गरिएको जानकारी दिए।

कृषि तथा पशुपालनको अध्ययनका लागि कोरिया पुगेको टोलीले तरकारी खेती, बंगुर पालन लगायतको अवलोकन गरिसकेको छ। कृषि, पशुपालनको अध्ययन गरेर स्थानीय तहमा विकासको योजना बनाउने उद्देश्य रहेको खतिवडाले जानकारी दिए।

कोरियामा टमाटर उत्पादन लागि गरिएको प्रविधिको प्रयोग र बजारिकरण लगायतको अवलोकनका क्रममा जानकारी लिएको खतिवडाले जानकारी दिए। उनका अनुसार ग्रिनरी प्रविधिको प्रयोगबाट त्यहाँ टमाटर उत्पादन भइरहेको छ। एक पटक विरुवा रोपेपछि त्यसले एक वर्षसम्म दिइरहने अवलोकनका क्रममा जानकारी गराइएको मेयर गोम्देनसहितको भ्रमण टोलीले कोरियाको विजको बारेमा जानकारी लिएको छ।

मेयर गोम्देनले उन्नत जातको टमाटरको वि भित्र्याएर टमाटर उत्पादनलाई वृद्धि गरिने बताए उनले कोरियाली प्रविधिले कृषि उत्पादनमा ठुलो पुगेको अवलोकनका क्रममा देखिएको बताए। टोल उत्पादन क्षेत्रको समेत अवलोकन गरिसकेको छ।

यस्तै, बंगुरको फर्म अवलोकन गरेको टोलीले छ । बंगुरको पिसाबबाट ग्यास उत्पादन गरिएको प्रत्यक्ष रुपमा हेरेको बताइएको छ।

माघ १४ गते कोरिया पुगेको टोली २४ गतेस तथा पशुपालनको क्षेत्रमा अवलोकन गरेर फर्किनेछ

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड , झापा कोशी प्रदेश

दररेट माग गरिएको सूचना

प्रकाशित मितिः २०८०/१

बिर्तामोड नगरपालिकामा तपशिल बमोजिमका CCTV Camera लगायत सामाग्रीहरुआवश्यक भएकोले नगरपालि सूचिकृत भएका फर्महरुले फर्म दर्ताको प्रमाणपत्र, स्थानीय तहमा व्यवसाय दर्ता र नविकरण गरेको प्रमाण, भ्याट/प दर्ता प्रमाण र २०७९/८० को करचुक्ता प्रमाणसहित ५ दिन कार्यालय समयभित्र खामबन्दी गरी दररेट पेश गर्नुहुन अनुरोध छ।

तपशिलः

S.N.	Particulars	Quantity	Unit	Rate(Inclusive VAT)	T
1	PTZ 4MP AI Starlight Camera	3	Set		
2	6 Core Fiber	4800	m		
3	Power Cable	500	m		
4	Pole Box	5	Pcs		
5	ONU	5	Set		
6	4 MP Motorized Camera	3	Set		
7	8 Way	2	Pcs		
8	Installation Charge With Other necessary accessories	6 4800	LS m		
9	Fiber Laying Works	4	Set		
10	PoE Switch				
				Grand Total	

S.N.1,6,10 का Particular Item हरुको Specification बिर्तामोड नगरपालिकाको वेवसाइट www.birtamodmun.gov.np मा राखिएको छ।

-प्रमुख प्रशासकीय अधि

टाइम्स मिडिया नेटवर्क प्रा.लि.द्वारा प्रकाशित तथा श्री गणपती अफसेट प्रेस, बिर्तामोडमा मुद्रित, कार्यालय बिर्तामोड-४, झापा। फोन : ०२३-५३५०२८ । Gmail : ijalaasdaily@gmail.com ।
अध्यक्ष : नारायणप्रसाद पोखरेल । लेआउट : छेत्रलाल राजवंशी।। कार्यालय प्रतिनिधि : ९८५२६३५०२८ / सम्पादक : प्रदीप परियार